मितिः २०८१/०६/१०

समयः बिहान ८.०० बजे

स्थानः नागार्जुन नगरपालिका

नागार्जुन नगरपालिकाका नगर प्रमुख श्री मोहन बहादुर बस्नेतज्यूको अध्यक्षतामा यस नगरपालिका नगर कार्यपालिकाको नियमित बैठक तपसिलमा उल्लेखित पदाधिकारीहरूको उपस्थितीमा बसि देहायको निर्णय गरियो ।

तपसिलः-

| सि.नं. | नाम, थर | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री मोहन बहादुर बस्नेत | नगर प्रमुख | |
| २ | श्री सुशिला अधिकारी | उपप्रमुख | |
| ३ | श्री शिव प्रसाद रिजाल | प्रमुख प्रशासकीय अधिकृत | |
| ४ | श्री महेश रिमाल | प्रवक्ता एवं वडा अध्यक्ष | |
| ५ | श्री रामेश्वर लामा | वडा अध्यक्ष, वडा नं १ | |
| ६ | श्री थुमराज के.सी. | वडा अध्यक्ष, वडा नं २ | |
| ७ | श्री उमेश लामा | वडा अध्यक्ष, वडा नं ३ | |
| ८ | श्री लक्ष्मीराम शर्मा पौडेल | वडा अध्यक्ष, वडा नं ४ | |
| ९ | श्री देवेन्द्रराज गिरी | वडा अध्यक्ष, वडा नं ६ | |
| १० | श्री शैलेन्द्र लामा | वडा अध्यक्ष, वडा नं ७ | |
| ११ | श्री सुरज कुमार पोखरेल | वडा अध्यक्ष, वडा नं ८ | |
| १२ | श्री रामकृष्ण भट्टराई | वडा अध्यक्ष, वडा नं ९ | |
| १३ | श्री सुन्दर बहादुर के.सी. | वडा अध्यक्ष, वडा नं १० | |
| १४ | श्री शोभा नेपाली | नगरकार्यपालिका सदस्य | |
| १५ | श्री इशु खड्का | नगरकार्यपालिका सदस्य | |
| १६ | श्री कल्पना बसेल | नगरकार्यपालिका सदस्य | |
| १७ | श्री बुद्धमाया पुतुवार (नगरकोटी) | नगरकार्यपालिका सदस्य | |
| १८ | श्री हुम्जला राई | नगरकार्यपालिका सदस्य | |
| १९ | श्री चन्दा सुनार | नगरकार्यपालिका सदस्य | |
| २० | श्री अम्बिका सुनचिउरी गजमेर | नगरकार्यपालिका सदस्य | |
| २१ | श्री रमेश बसेल | नगरकार्यपालिका सदस्य | |

# निर्णयहरू:

निर्णय नं. १

गत मिति २०८०/०५/१९ गते बसेको नगर कार्यपालिकाको बैठकको निर्णयहरू कार्यान्वयनको सम्बन्धमा समिक्षा गरियो ।

निर्णय नं. २

नागार्जुन नगरपालिकामा चालु आर्थिक वर्ष भित्रमा तपसिल बमोजिमका कार्यविधिहरू तर्जुमा तथा पारित गर्ने निर्णय गरियो ।

तपसिल:

| सि.नं. | कानूनको नाम | कैफियत |
|---|---|---|
| १. | नागार्जुन नगरपालिकाको स्वास्थ्य संस्था दर्ता, अनुमति तथा नविकरण सम्बन्धी निर्देशिका, २०८१ | पारित गर्ने |
| २. | नागार्जुन नगरपालिकाको जोखिम संवेदनशील भू-उपयोग योजना, २०८१ | तर्जुमा गर्ने |
| ३. | नागार्जुन नगरपालिकाको सार्वजनिक निजी साझेदारी नीति, २०८१ | |

निर्णय नं. ३

माथि प्रस्ताव नं. २ को विविध विषयमा छलफल गर्दा यस नगरपालिका कार्यालयको लागि आवश्यक न्याय सेवाको कानून अधिकृत १ जना माग गर्नको लागि प्रदेश लोक सेवा आयोग, बागमती प्रदेशमा माग आकृति फाराम भरी पठाउने निर्णय गरियो ।

निर्णय नं. ४

नागार्जुन नगरपालिका अन्तर्गत सञ्चालित नगर अस्पतालको O&M को प्रारम्भिक प्रतिवेदनमा उल्लेख भए बमोजिम अस्पताल सञ्चालनको लागि तपसिलमा उल्लेखित जनशक्ति अति आवश्यक भएको भनि सम्बन्धित स्वास्थ्य शाखाबाट माग भई आएकोले उल्लेखित जनशक्तिको दरवन्दी स्वीकृत गरी उक्त दरवन्दी अनुसारका नगरपालिकामा उपलब्ध जनशक्तिलाई नगरपालिकाबाट र नगरपालिकामा उपलब्ध हुन नसक्ने दरवन्दीलाई १५ दिने सूचना प्रकाशन गरी करार नियुक्तिको प्रकृया अगाडी बढाउने निर्णय गरियो ।

तपसिल:-

| सि.नं. | विवरण | संख्या | कैफियत |
|---|---|---|---|
| १ | मेडिकल डाक्टर (आठौं) | २ जना | योग्यता प्रचलित कानून बमोजिम कायम गर्ने |
| २ | माइक्रोबायोलोजिष्ट (मेडिकल ल्याब टेक्नोलोजी), (सातौं) छैठौं | १ जना | |

निर्णय नं. ५

माथि प्रस्ताव नं. २ को विविध विषयमा यस नगरपालिका अन्तर्गत गरिबि निवारणका लागि लघु उद्यम विकास कार्यक्रमका लागि नयाँ लघु उद्यमी सिर्जना कार्यक्रम अन्तर्गत यस नगरपालिकाका वडा नं. ४ र ५ लाई छनौट गरी कार्यक्रम सञ्चालन गर्ने निर्णय गरियो ।

निर्णय नं. ६

नागार्जुन नगरपालिका कार्यालयमा तपसिलमा उल्लेखित व्यक्ति तथा संस्थाहरूले निम्न बमोजिमको कार्य गर्नको लागि कार्यक्रम प्रायोजन माग गरी निवेदन पेश गरेकोमा उल्लेखित संस्थाहरूलाई कार्यक्रम प्रायोजन स्वरूप निम्न रकम यस नगरपालिकाको आ.व. २०८१/०८२ को वार्षिक नीति, कार्यक्रम तथा बजेट पुस्तिकाको बजेट **शिर्षक नं. २२५२९ को विविध कार्यक्रम खर्च शिर्षकमा** विनियोजित बजेटबाट खर्च हुने गरी बिल भर्पाई पेश भए पछि भुक्तानीको प्रकृया अगाडि बढाउने निर्णय गरियो ।

तपसिल:

| सि.नं. | निवेदक संस्थाको नाम | कार्यक्रमको विवरण | रकम रू. |
|---|---|---|---|
| १. | थारू महिला समाज नेपाल | थारू राष्ट्रिय जितिया पर्व, २०८१ मनाउने | ९९,००० |
| २. | नेपाल रग्बी संघ | एसिया रग्बी सेभेन्स ट्रफि २०२४ को सञ्चालन | ९९,००० |
| ३. | नागार्जुन नगरपालिका अन्तर्गतका लघु, घरेलु तथा साना उद्यमीहरू | घरेलु तथा साना उद्योग संघ काठमाडौंको आयोजनामा मिति २०८१/०६/१३-२३ गतेसम्म सञ्चालन हुने औद्योगिक प्रदर्शनीमा ४ वटा स्टल प्रायोजन (प्रति स्टल रू.३५,०००/-) | १,४०,००० |
| ४. | झिंगु नेवा दबु | संस्कृतिक पर्व | ९९,००० |
| ८. | ८ नं. वडा कार्यालय | मौलो पुजार कार्यक्रमको लागि थप रकम | २,००,००० |

निर्णय नं. ७

यस नगरपालिका अन्तर्गत वडा नं. ७, ९ र १० स्यूचाटार क्षेत्रमा शान्ति सुरक्षाको लागि प्रहरी बिट स्थापना गरी सुरक्षाकर्मी बसोबास गर्दै आई रहेकोमा उक्त सुरक्षाकर्मीहरूलाई बसोबास गर्नको लागि घर भाडावापत ५० प्रतिशत रकम जिल्ला प्रहरी परिसरबाट व्यहोरिने र बाँकी ५० प्रतिशत रकम नगरपालिका कार्यालयबाट व्यहोरिने गरी माग भई आएकोले उक्त घरको जिल्ला प्रहरी परिसर, काठमाडौंसँग भएको सम्झौताको ५० प्रतिशतले हुन आउने रकम रू.२०,०००/- (बिस हजार) मात्रका दरले मिति २०८१ साल श्रावण देखि २०८२ साल असार मसान्तसम्मको घर भाडावापत उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं. ८

नागार्जुन नगरपालिका वडा नं. ६ का श्री निरा पन्तको आर्थिक अवस्था अत्यन्त कमजोर भएको र निज स्कुटरमा सडक दुर्घटनामा परी गम्भिर घाइते भएको तथा निजले प्रयोग गरेको स्कुटर टुटफुट भएको भनी मर्मत गर्नको लागि यस कार्यालय निवेदन पेश गर्नु भएकोले निजको स्कुटर मर्मत गर्दा भएको खर्च रकम रू.८८,७२८/- (अठासी हजार सात सय अठाईस रूपैया) मात्र स्कुटर मर्मत गर्ने पञ्चकन्या अटोमोबाईलस् टेकु, काठमाडौंलाई यस कार्यालयको खर्च शिर्षक नं. २२२१९ आर्थिक सहायता शिर्षकमा विनियोजित रकममध्येबाट खर्च हुने गरी उल्लेखित रकम भुक्तानी दिने निर्णय गरियो ।

निर्णय नं. ९

नागार्जुन नगरपालिकामा तपसिलमा उल्लेखित कम्पनीहरूले घ वर्गको इजाजत दर्ताको लागि निवेदन दिएकोमा अनुगमन समितिको मिति २०८१/०६/०९ को निर्णयबाट उपयुक्त देखि अनुमति पत्रका लागि नगर कार्यपालिकामा पेश भएका तपसिलमा उल्लेखित कम्पनीहरू 'घ' वर्गको इजाजत पत्र प्रदान गर्ने निर्णय गरियो । तपसिल:

१. श्री थारू इन्फ्रास्ट्रक्चर प्रा.लि., नागार्जुन न.पा. ८, काठमाडौं ।

निर्णय नं. १०

नागार्जुन नगरपालिका अन्तर्गत तपसिलका वडाहरूमा वर्षाको पानीका कारणले सार्वजनिक बाटो सहित अन्य धनजनको क्षति भएकोले उल्लेखित स्थानहरूमा थप क्षति हुनबाट रोकथाम गर्नको लागि बजेट माग भई आएकोले उल्लेखि कार्य सञ्चालन गर्नको लागि यस नगरपालिकाबाट चालु आ.व. वार्षिक नीति, कार्यक्रम तथा बजेट पुस्तिकाको **प्रकोप व्यवस्थापन** शिर्षकमा विनियोजित बजेटबाट खर्च हुने गरी कार्य अगाडी बढाउने निर्णय गरियो ।

तपसिल:

| सि.नं. | कार्य | वडा नं. | रकम रू. | कैफियत |
|---|---|---|---|---|
| १. | सानुकान्छी नगरकोटी | २ | २५,००० | राहत वितरण |
| २. | निसान गाउँ पहिरो पन्छाउने तथा ग्याबियन जाली भर्ने काम | ३ | ५,४९,७९० | ल.ई. रकम |
| ३. | चिसापानी र ढोलङ्गे सडक ग्रावेलिङ्ग | ३ | ९९,००० | ल.ई. रकम |
| ४. | सितापाईला-रामकोट-भिमढुंगा सडक खण्ड अन्तर्गत ५ नं. वडा कार्यालय अगाडिको मंगल मर्मत/सरसफाई | ५ | ३०,४७४.०२ | ल.ई. रकम |
| ५. | गिता परियार | ६ | २५,००० | राहत वितरण |
| ६. | कोट्श्य भैरव टौखेल सडक ग्रावेलिङ्ग तथा पहिरो हटाउने कार्य | ६ | ९८,८४६.०४ | ल.ई. रकम |
| ७. | फस्कु घट्टेखोला सडक ग्रावेलिङ्ग | ६ | ९९,००० | ल.ई. रकम |
| ८. | ग्रीन भिलेज सडक खण्डमा टेवा पर्खाल निर्माण | ७ | ९९,६५३.०२ | ल.ई. रकम |

निर्णय नं. ११

जिल्ला दररेट निर्धारण समितिबाट आ.व. २०८१/०८२ को लागि निर्धारित काठमाडौं जिल्लाको लागि निर्माण सामाग्री र ढुवानीको दररेट, मेशिन तथा उपकरण भाडा र श्रमिकहरूको ज्याला यस नगरपालिकामा लागू गर्ने निर्णय गरियो ।

निर्णय नं. १२

नागार्जुन नगरपालिका बासीहरूको लागि विभिन्न विषयमा जनचेतनामूलक सन्देश रेडियो काठमाडौं ९२.१ मा १ वर्षसम्म कार्यक्रम प्रशारण गर्ने गरी रकम रू.९९,०००/- (उनान्सय हजार) मात्र शिर्षक नं. २२५२९ को विविध कार्यक्रम खर्च शिर्षकमा विनियोजित रकममध्येबाट खर्च हुने गरी भुक्तानी दिने निर्णय गरियो ।

निर्णय नं. १३

नागार्जुन नगरपालिका अन्तर्गत सवै वडाहरूबाट सडक बत्ती माग भई आएकोमा तत्काल मर्मत कार्य अघि बढाई नयाँ थप १२०० थान सडक बत्ती खरिद प्रक्रिया अघि बढाउने निर्णय गरियो । साथै सडक बत्ती मर्मतको लागि खर्च शिर्षक नं. २२२९१ को सडक बत्ती जडान तथा मर्मत सम्भार शिर्षक विनियोजित रकममध्येबाट खर्च हुने गरी प्रति वडा रू.१,००,०००/- (एक लाख) मा नबढ्ने गरी लागत अनुमान स्वीकृत गरी मर्मत कार्य गर्ने निर्णय गरियो ।

निर्णय नं. १४

नागार्जुन नगरपालिका वडा नं. ५ को वडा कार्यालय भवन निर्माण गर्नको लागि सोही वडा स्थित साविक सितापाईला गा.वि.स. वडा नं. ५ कित्ता नं. ४२६ सिट नं. १०२१०६१०८ को जग्गा प्राप्ति गर्नको लागि आवश्यक प्रक्रिया अगाडि बढाउने निर्णय गरियो ।

निर्णय नं. १५

उच्च अदालत, पाटनको प.सं. २०८१/०८२ (प्रशासन), च.नं. १३५, मिति २०८१/०५/२८ को पत्रबाट सम्मानित उच्च अदालतको दुई आर्थिक वर्षका फैसलाहरूको छुट्टाछुट्टै संग्रहहरूको किताब छपाई गर्नको लागि लेखि आएकोले रकम रू.९९,000/- (उनान्सय हजार) मात्रको पुस्तक छपाई गर्नको लागि खर्च शिर्षक नं. २२३१५ को पत्रपत्रिका, छपाई तथा सुचना प्रकाशन खर्च शिर्षकमा विनियोजित रकममध्येबाट खर्च हुने गरी उल्लेखित कार्य गर्ने निर्णय गरियो ।

निर्णय नं. १६

नागार्जुन नगरपालिका अन्तर्गत वडा नं. ६ स्थित गुराँस टोल सडकमा २०० मिटर खानेपानी पाईप राख्रको लागि सम्बन्धित वडा कार्यालयको प.सं. २०८१/०८२, च.नं. ५६२, मिति २०८१/०६/०२ को पत्रबाट माग भई आएकोले स्वीकृत प्राविधिक ल.ई. बमोजिम रू.१,००,०००/-(एक लाख) मा नबढ्ने गरी यस नगरपालिकाको खर्च शिर्षक नं. २२५२२ ढल, पाईप, बाजागाजा, ट्यांकी खरिद शिर्षकमा विनियोजित रकममध्येबाट खर्च हुने गरी उल्लेखित कार्य गर्ने निर्णय गरियो ।

निर्णय नं. १७

नागार्जुन नगरपालिका उपर अदालतहरूमा पर्ने उजुरीहरूको बहसपैरवी लगायत कानूनी सल्लाह प्रदान गर्ने एवम् अड्डा अदालत सम्बन्धी कार्य गर्ने गरी १ जना कानूनी सल्लाहकार सेवा परामर्शमा नियुक्ति गर्ने निर्णय गरियो ।